Total No. of Printed Pages—8

X/22/N

2 0 2 2

NEPALI

(INDIAN LANGUAGE)

(FOR CANDIDATES WITH INTERNAL ASSESSMENT)

Full Marks : 80
Pass Marks : 24

(FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT)

Full Marks : 100
Pass Marks : 30

Time : 3 hours

(FOR ALL CATEGORIES OF CANDIDATES)

General Instructions :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by all **Candidates**.

(iv) Question Nos. **14** and **15** are to be answered only by **Candidates without Internal Assessment**.

1. कुनै **दुई** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) किन 'अल्झेको इच्छा' कथामा बाबुको इच्छा अल्झेकै थियो? वर्णन गर।

(ख) रने परिबन्दमा फसेका कारणहरू के-के हुन्? 'परिबन्द' पाठको आधारमा पुष्टि गर।

(ग) डा॰ पारसमणि प्रधानको प्राथमिक शिक्षा कहाँ भएको थियो? पेशाले उहाँ के हुनुहुन्थ्यो? उहाँका पुस्तकहरूको प्रचार र प्रसार कहाँ-कहाँ भएको थियो? लेख।

(घ) शिक्षाको मूल उद्देश्य के हो? वर्णन गर।

2. **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) नेपाली भाषा कसरी हुर्किएको भाषा हो?

(ख) लाहुरे मरेको थाहा भएपछि रनेले के गर्‌यो?

(ग) कुखुरोको चल्लोले कसरी आफ्नो माउबाट चारो खान सिक्छ?

(घ) पारसमणि प्रधान कुन श्रेणीका छात्र छँदा कसको सहायतालिई पुस्तकालय शुरू गर्नु भयो?

(ङ) रूपलालले ब्याङ्क म्यानेजरसँग किन र कसरी पैसा माग्यो?

(च) चार्ली च्यापलीन किन स्वीट्जरलैंड बसाइँ सरे?

3. **एक** शब्दमा वा वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) लाहुरेलाई पानी खुवाउँदा रनेको जीउमा कहाँ-कहाँ रगत लाग्यो?

(ख) नेपाली भाषामा के-को विशेषता छ?

(ग) ब्याङ्क म्यानेजरको ब्यागमा कति रुपियाँ रहेछ?

(घ) चार्ली च्यापलीनको दाज्यूको नाम के हो?

(ङ) पारसमणि प्रधान विद्यार्थी जीवनकालमा के नामले परिचित थिए?

(च) रूपलालकी श्रीमतीलाई के रोग लागेको थियो?

(छ) 'परिबन्द' पाठको मुख्य पात्र को हो?

4. सप्रसंग व्याख्या गर : 5×2=10

(क) ''पहिलेको रने र अहिलेको रने-मा जमीन आसमानको फरक छ।''

अथवा

''धूर्तता र कुटिलता जस्ता अवगुणहरू शिक्षामा घुस्न थाले भने बन्धुत्व हराउँदै जान्छ र आन्तरिक हार्दिकता पनि सुक्दै जान्छ।''

(ख) ''कुनै नयाँ चेतन ब्युँझिए सरि
झिल्का महाज्योति-तिरै मिले सरि
अनन्त सत्ता भूँइमा स्वयं झरी
छोयो कि जस्तो मन प्राण सुस्तरी।''

अथवा

''हामी बसौं पर्वत भीर वा वन
गुराँस झैं पाउनपर्छ फक्रन।''

5. सारांश लेख (कुनै **एक**) : 5

(क) लेखनाथ पौड्यालरचित—'गौंथलीको चिरिविरि'

(ख) लक्ष्मीप्रसाद देवकोटारचित—'गरीब'

(ग) बालकृष्ण समरचित—'भानुभक्तप्रति'

6. **दुई** वा **तीन** वाक्यमा उत्तर लेख (कुनै **दुई**) : 2×2=4

(क) सञ्चयरोग भनेको के हो? यो शब्द कुन पाठबाट लिएको हो?

(ख) कसरी गरीब धनीको तुलनामा सुखी देखिन्छ?

(ग) कविले किन पुर्खाको एउटा कागजको इतिहास सिर्ज भन्छन्?

(घ) रुपियाँलाई किन उपियाँसँग तुलना गरिएको छ?

7. **एक** शब्दमा वा वाक्यमा उत्तर देऊ (कुनै **चार**) : 1×4=4

(क) गौंथली कहाँ बस्दथ्यो?

(ख) भानुभक्त आचार्यको घर कहाँ थियो?

(ग) 'स्वीट फल्स'-मा विशेष गरी कुन फूल फुल्दछ?

(घ) 'अधिकार र कर्तव्य' कविताका कवि को हुन्?

(ङ) भौतिक सम्पत्ति भनेको कस्तो सम्पत्ति हो?

(च) स्वर्णपत्र भनेको के हो?

8. भावविस्तार गर (कुनै **एक**) : 3

(क) बजाउन जाने पो बज्छ मुरली

(ख) साँचो डग्दैन झूठो तक्दैन

(ग) घाँटी हेरी हाड निल्नु

9. छोटो उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) को-को लक्ष्मी पूजा हेर्न कहाँ गएका थिए?

(ख) सानीको ससुरो कस्तो मानिस थियो?

(ग) हरिले सानीको हातमा के दिएर के गर्न लाउँथ्यो?

(घ) भिक्टोरिया फल्सनेर घाँसीले गाएको गीतको बोल कस्तो थियो?

(ङ) हरि र सानी को हुन्?

(च) लैनसिंह बाङ्देल को हुन्?

(छ) बिहानको कलिलो घाममा बाहिर गलैंचा ओछ्याएर बस्ने मानिस को हुन्?

10. सुबेदारनी र रत्ना को–को हुन्? तिनीहरूलाई कस्तो विपदले छोपेको थियो? वर्णन गर। 5

अथवा

सानीको चरित्र चित्रण गर।

11. निम्नलिखित निर्देश–अनुसार उत्तर लेख :

(क) भाववाचक संज्ञा बनाऊ (कुनै **दुई**) : ½+½=1

शत्रु; मास्टर; हाँस्; समान।

(ख) स्त्रीलिङ्ग बनाऊ (कुनै **दुई**) : ½+½=1

देव; राँगो; नायक; गायक।

(ग) सन्धि गर (कुनै **दुई**) : ½+½=1

हिम + आलय; सदा + एव; महा + ईश; कवि + इन्द्र।

(घ) विशेषण बनाऊ (कुनै **दुई**) : ½+½=1

दुई; दिन; नून; रस।

(ङ) कर्तृवाच्यबाट कर्मवाच्य बनाऊ (कुनै **दुई**) : ½+½=1

(i) मोहनले किताब पढ्यो।

(ii) सावित्रीले भात खान्छे।

(iii) हामी त्यहाँ सुत्छौं।

(च) वाक्यांशको अर्थ खोल (कुनै **दुई**) : ½+½=1

(i) आइतवार हुनु।

(ii) आङमा घाम लाग्नु।

(iii) काखी च्यापनु।

(iv) खुट्टा तन्काउनु।

12. निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

हाम्रो समय सीमित छ र प्रत्येक पल मूल्यवान छ। ''कला लामो छ र जीवन छोटो छ'' कवि वड्र्सवर्थ भन्थे। प्रत्येक दिन हाम्रो सामुभित्र मित्र जस्तो भएर उपस्थित हुन्छ र प्रत्येक दिनले प्रकृतिको मूल्यवान उपहार लिएर आउँछ। मौका फेरि-फेरि आउँदैन, त्यसलाई चुल्ठोमा समात्नुपर्छ भन्ने अङ्ग्रेजहरूको आवाहन छ। प्रत्येक सुन्दर प्रातःकाल सुन्दर वस्तुहरू लिएर उपस्थित हुन्छ। त्यस सुन्दर प्रातःकालबाट फायदा नउठाउने मान्छे लम्फू र भूसको थैली बन्दछ, जीवनमा त्यो हरूवा गोरु हुन्छ। कुनै बुद्धिमानले ठीकै भनेका छन्, हराएको सम्पत्ति उद्योगले पाउन सकिन्छ, बिर्सेको विद्या पठन-पाठनले फेरि याद हुन्छ, नष्ट भएको स्वास्थ्य औषधि र संयमले प्राप्त हुन्छ तर विनष्ट भएको समय सदाका निम्ति जान्छ, त्यो सपनाको चीज हुन्छ। ''अब पछताए क्या होय जब चिडिया चुग गई खेत'' भनेको जस्तो हुन्छ।

(क) कवि वड्र्सवर्थ समयको गति हेरी के भन्थे? 1

(ख) प्रत्येक दिनले के लिएर आउँछ? 1

(ग) सुन्दर प्रातःकालबाट फायदा नउठाउने मान्छे के हुन्छ? 1

(घ) प्रत्येक दिन हाम्रो सामु के जस्तो भएर उपस्थित हुन्छ? 1

(ङ) कुनै बुद्धिमानले समयको मूल्यलाई हेरी के भनेका छन्? 1

अथवा

शिलाङको सुन्दरताको विषयमा वर्णन गर्दै पन्जाबमा बस्ने एउटा मित्रलाई चिठी लेख। 5

13. कुनै **एक** विषयमा निबन्ध लेख : 8

(क) अनुशासन

(ख) स्वतन्त्र दिवस

(ग) कुनै एउटा नामी खेलाडीको जीवनी

(घ) पर्यावरण

(ङ) हाम्रो चाड तिहार

[For Candidates Without Internal Assessment]

(*Marks* : 20)

14. (क) अति संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(i) गरीब के-को मोज लुटेर आफ्नो घर फर्कन्छ?

(ii) बद्रीनाथ भट्टराईले कसलाई चिठी लेखेका छन्?

(iii) बाबुको मृत्यु हुनाले पढ्न नपाउने केटोको नाउँ के हो?

(iv) 'चार्ली च्यापलीन' पाठ कसले लेखेका हुन्?

(v) शिक्षा के हो?

(vi) 'परिबन्द' पाठमा को परिबन्दमा फस्यो?

(vii) सानी कसकी छोरी थिई?

(ख) कोष्ठकबाट सही शब्द छानी वाक्य पूरा गर (कुनै **पाँच**) : 1×5=5

(i) रनेलाई (तास्री/रास्री) खोलानेर पक्रेको हो।

(ii) 'शिक्षाको उद्देश्य' पाठ (कथा/निबन्ध) हो।

(iii) सानी र रत्ना (13/15) वर्ष पछि फर्केर सुबेदारनीको घरमा आए।

(iv) 'माइतघर' (दार्जीलिङ्गको/आसामको) परिवेशमा लेखिएको हो।

(v) 'अल्झेको इच्छा' कथामा (बाबा/आमा)-को इच्छा अल्झेको देखिन्छ।

(vi) पारसमणि प्रधानलाई भारतेली नेपाली साहित्यमा भानुभक्तको (पहिलो/दोस्रो) अवतार मानिन्छ।

(vii) (गुलाब/गुराँस) झैं पाउनुपर्छ फक्रन।

15. (क) संक्षेपमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(i) राष्ट्रभाषा भनेको के हो?

(ii) कुन खोलोको पुलबाट सानी अपहत्ते गर्न चाहान्थी?

(iii) शिक्षाका कति मार्गहरू छन्?

(iv) 'गरीब' कविता लेख्ने मानिस को हुन्?

(v) हरिको घरमा काम गर्ने मानिस कहाँ जाने भयो?

(vi) रनेको पूरा नाम के हो?

(vii) 'शिक्षाको उद्देश्य' पाठमा श्रीमतीले आफ्नो छोरालाई के बनाउन चाहन्छिन्?

(ख) खाली ठाउँ भर (कुनै **पाँच**) : 1×5=5

(i) 'स्वीट फल्स' कविता _____ लेखेका हुन्।

(ii) पारसमणि प्रधानको पिताको नाम _____ थियो।

(iii) शिक्षाले मानिसलाई _____ निर्माणमा ठूलो सहयोग दिन्छ।

(iv) सानीको लोग्ने _____ थियो।

(v) 'समीर'को अर्थ _____ हो।

(vi) बद्रीनाथ भट्टराईले _____ चिठी लेखे।

(vii) संज्ञा वा सर्वनामको गुण बुझाउने शब्दलाई _____ भनिन्छ।

★★★